'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १३९ मंगलबार ०१ माघ, २०८१ 14 (Tuesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## कर्णालीको बजेट पुर्वाधारमा प्रथामिकता

नमस्ते समचारदाता
सिमकोट, पुष/२९



कर्णाली प्रदेश सरकारले बजेटलाई पुर्वाधार बिकासमा प्रथामिकता राख्नु परेको भूमि कृषि तथा सहकारी मन्त्रालयका सचिव टिकाराम थापाले बताएका छन् । हुम्लाको सदरमुकाम सिमकोट सञ्चालन भएको रैथाने बालीका सम्वन्धि एक कार्यक्रममा सचिव थापाले सो कुरा बताएका हुन । सचिव थापाले कर्णाली प्रदेशका दशै जिल्लामा पुर्वाधार विकास गर्न आवश्यक देखिएकोले सरकारले बजेटलाई त्यसैमा प्रथामिकता दिनु पर्ने बाध्यता रहेको बताए । पुर्वाधार बिकास भएपनि अरु विकास गर्न सहज हुने भएको कारण पनि बजेटलाई त्यसैमा लगानी गर्ने पर्ने बाध्यतामा सरकार रहेको उनले बताए । त्यसैगरि सचिव थापाले कर्णालीका दश जिल्लामा स्थापना भएका कृषि ध्यान केन्द्र र कृषि विकास कार्यालयहरुले वीउ विजन र बिरुवाहरु जिल्ला बाहिरबाट खरिद गर्न नपाउने भएको छ । कार्यशालामा सचिव थापाले मन्त्रालयले कर्णालीका दशै जिल्लामा लागु हुने गरि कार्यविधि निर्माण गरिएको र सो कार्यविधिमा उपलब्ध भएसम्म कृषिजन्य वीउविजन र बिरुवाहरु जिल्ला बाहिरबाट खरिद गर्न नपाउने ब्यवस्था गरिएको बताए । उनले यसले गर्दा सहजै बाहिरबाट ल्याउने बाटो नभएको तर कसैले ल्याई हालेपनि लेखपरिक्षणका क्रममा त्यो बेरुजो उल्लेख हुने बताए । यसले गर्दा कर्मचारीहरुले उपलब्ध भएसम्म जिल्ला बाहिरबाट यस्ता सामाग्री खरिद कर्मचारी गर्न नसक्ने बताए । यदि जिल्लामा नपाउने अवस्थामा रहेमा सम्वन्धित गाउँपालिकाको सिफारिका आधारमा मात्र बाहिरबाट खरिद गर्ने ब्यवस्था रहेको उनले बताए। सडक आंसिक रुपमा खुलेसंगै कर्णालीमा कृषि क्षेत्रको भविष्य सुनौलो रहेको उनले बताए । सरकारले ढुवानी अनुदानमा उपलब्ध गराउने खाद्यान्न बाँच्नका लागि भएको तर यसले कर्णालीका स्थानीय बासिन्दालाई बिगारेमा चिन्ता ब्यक्त गर्दै यहाँ कै रैथाने बालीका परिकारमा बिबिधिकरण गरेर उपभोग गर्न उनले सुझाव दिए । कार्यक्रममा सिमकोट गाउँपालिकाकी उपाध्यक्ष शुशिला भाम रोकायाले ढुवानीको कारण हुम्लाका स्थानीय उत्पादनहरु महंगा हुन पुगेकोले यसको महत्व र फाईदा बुझाउन आवश्यक रहेको बताईन । हुम्ला जिल्लाका सिमकोट र खार्पुनाथ गाउँपालिकामा तीन वटा दात्रृ निकायको आर्थिक सहयोगमा सञ्चालन हुँदै आएको ग्रेप परियोजनाको हालसम्म गरेको कामहरु समिक्षा गरिएको थियो । उक्त परियोजनाले जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको प्रभावलाई अनुकुलन गर्ने कार्य गर्दै आएको छ। कार्यक्रममा दुवै गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, अगुवा किसान, जिल्लाका सरोकारवाला पक्षको उपस्थिती रहेको थियो ।

## ५८ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त

नमस्ते समचारदाता
काठमाडौं, पुष/२९




सरकारले जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त गरेको छ । गठबन्धनमा रहेका काँग्रेस र एमालेले भागबन्डा गरेर आयोगमा जिल्ला अध्यक्ष र सदस्य नियुक्त गरेका हुन् । भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा आजै नवनियुक्त अध्यक्षहरूको शपथ ग्रहण समारोह राखिएको छ । गठबन्धनमा आन्तरिक सहमति बाँकी भएकाले केही जिल्लाका अध्यक्ष खाली राखिएको छ । नियुक्त गर्न बाँकी जिल्लाहरूमा तेह्रथुम, धनकुटा, खोटाङ, सुनसरी, सप्तरी, रौतहट, दोलखा, काभ्रेपलाञ्चोक, धादिङ, चितवन, मकवानपुर, गोरखा, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, बझाङ, कालीकोट र कञ्चनपुर रहेका छन् । जुम्लामा भने नियुक्ति भइसकेको नाम आउन मात्र बाँकी छ।

## लुम्बिनी प्रदेश प्रमुखद्वारा कर्मचारी सम्बन्धी दुई विधेयक प्रमाणीकरण




नमस्ते समचारदाता
बुटवल, पुष/२९

निजामती कर्मचारीसम्बन्धी दुई विधेयक लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले प्रमाणीकरण गरेका छन् । प्रदेश सभाको पाँचौं अधिवेशनको दोस्रो बैठकले सर्वसम्मत पारित गरेका प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गरेका हुन् । उनले संशोधन विधेयक आइतबार र स्थानीय निजामती सेवासम्बन्धी विधेयक सोमबार प्रमाणीकरण गरेका थिए । दुवै विधेयक प्रदेश सभाबाट पुस १७ गते सर्वसम्मतले पारित भई सभामुख पूर्णबहादुर घर्तीले प्रमाणित गरेर पुस १९ नै प्रमाणीकरणका लागि प्रदेश प्रमुख घर्ती समक्ष पठाइएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता भविश्वर घिमिरेले जानकारी दिए । प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक आइतबार र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सोमबार नेपालको संविधानको धारा २०१ को उपधारा ४ बमोजिम प्रदेश प्रमुखले प्रमाणीकरण गरेका हुन् । 'प्रदेश सभाबाट पारित भएर प्रमाणित भएका दुवै विधेयक पुस १९ गते कार्यालयमा आइपुगेका थिए,' घिमिरेले भने, 'ती दुवै विधेयक प्रदेश प्रमुखज्यूले प्रमाणीकरण गर्नु भएको छ ।' दुवै विधेयक प्राप्त भएको मितिले १५ दिनभित्र पारित गर्नुपर्ने कानुनी व्यवस्थाअनुसार प्रमाणीकरण भएको हो । यसअघि लुम्बिनी प्रदेश सभाको चौथो अधिवेशनले प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक भदौ ३१ गते र निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ भदौ २७ गते पारित गरेको थियो । तर दुवै विधेयक प्रदेश प्रमुख घर्तीले नेपालको संविधानको धारा २०१ को उपधारा ३ बमोजिम पुनर्विचार गर्न आवश्यक देखिएकोले सन्देशसहित २०८१ असोज २२ गते प्रदेश सभामा फिर्ता पठाइदिएका थिए । दुवै विधेयक लुम्बिनी प्रदेश सभाको पाँचौं अधिवेशनको दोस्रो बैठकले पुस १७ गते हुबहु सर्वसम्मतले पारित गरेको थियो। दुवै विधेयक सभामुख घर्तीले प्रमाणित गरेर पुनः प्रमाणीकरणका लागि पठाएपछि प्रदेश प्रमुखलाई दबाब बढेको थियो। प्रमाणीकरण पछि दुवै विधेयक प्रदेश राजपत्रमा प्रकाशित गर्न बाटो खुलेको छ। प्रदेश सभाले महत्वका साथ प्राथमिकता दिएर पारित भएका कर्मचारीसम्बन्धी दुवै विधेयक प्रमाणीकरण नहुँदा प्रदेश सरकारले कर्मचारी समस्या झेल्दै आएको छ।

## विदेशी बजारमा कर्णालीको अदुवा

नमस्ते समचारदाता
सुर्खेत, पुष/२९



कर्णालीमा उत्पादित अदुवा र बेसार युरोपसम्म पुग्न थालेको छ । अदुवा खरिद गरेर सुर्खेतको भेरीगङ्गा नगरपालिका-५ कालिदमार स्थित अदुवा प्रशोधन उद्योगले विदेश निर्यात गर्न थालेको हो । उद्योगका अनुसार स्वदेशमा भन्दा विदेशमा अदुवाको माग धैरै छ । पहिला यहाँका किसानले उत्पादन गरेको अदुवाले बजार नपाउने समस्या थियो। कालिदमारस्थित अदुवा प्रशोधन उद्योगले अदुवा र बेसार प्रशोधन गर्न थालेपछि बजारको समस्या समाधान भएको हो । कर्णाली तथा लुम्बिनीमा उत्पादन हुने अदुवा अर्गानिक र गुणस्तरीय भएकाले पनि युरोपमा माग धैरै भएको उद्योगका प्रबन्ध निर्देशक सुलोचना श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "बिक्रीको समस्या छैन, हामीले विदेश निर्यात गर्न थालेका छौँ । किसानको उत्पादन हामी खरिद गर्छौं, अब उत्पादन बढाउने तर्फ चाहीँ लाग्नुपर्छ।" उद्योगमा बर्सेनी एक हजार पाँच सय मेट्रिकटन अदुवा र बेसार प्रशोधन हुन्छ । एक हजार चार सयभन्दा बढी अदुवा उत्पादक किसान उद्योगसँग जोडिएको कम्पनीले जनाएको छ । चालु आवमा आठ सय ५० रोपनीभन्दा बढी जमिनमा अदुवा लगाइएको तथ्याङ्क छ । २२ लाख किलो खरिद गरेर र दुई सय ३० टन सुकेको अदुवा यूरोप पठाउने लक्ष्य कम्पनीको छ। सात किलो आलो अदुवा सुकेपछि मात्र एक किलो सुकेको अदुवा बन्छ। कम्पनीमा एक सय ५० जना कामदार छन्। दैनिक एक सय २० जनाले काम गर्छन्। बेसार, अदुवा, अमिलोको बोक्रा, सिस्नु, दाल चिनीको पात प्रशोधन गरेर निर्यात गर्ने गरेको निर्देशक श्रेष्ठले बताउनुभयो । डोटी, कैलाली, सुर्खेत, सल्यान र रुकुमलगायतका जिल्लामा अदुवा उत्पादन हुन्छन्। उद्योगका अनुसार सबैभन्दा बढी अदुवा उत्पादन सल्यानमा हुन्छ। सल्यानबाट एक सिजनमा एक हजार दुई सय मेट्रिकटनसम्म अदुवा ल्याउने गरिएको छ। रुकुमबाट आठ सय र सुर्खेतबाट दुई सय मेट्रिकटनसम्म अदुवा उद्योगमा ल्याउने गरिएको छ। उद्योगले सिस्नो र टिमुर पनि प्रशोधन गर्दै आएको छ। किसानबाट सिस्नो र टिमुर पनि खरिद गर्न थालेको छ। सिस्नो र टिमुरलाई सुकाएर पाउडर बनाइन्छ। त्यसलाई प्याकिङ गरेर निर्यात गर्ने गरिएको उद्योगले जनाएको छ।

जन्म, मृत्यु, विवाह, बसाईँ सराईँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# संकटमा आन्तरिक रोजगारी

**सुमन पन्थ**

स्वदेशमा आन्तरिक रोजगारीको पहिचान गर्न नसक्दा दैनिक दुई हजार भन्दा बढी युवा वैदेशिक रोजगारीमा गइरहेका छन् । उच्चशिक्षा हासिल गरेका युवा युरोपदेखि अमेरिकासम्म गएका छन् । उच्च शिक्षा हासिल गर्न नसकेका युवाको गन्तव्य खाडी र मलेसिया बनेको छ । उच्च शिक्षाका नाममा अर्बौं रुपियाँ बाहिरिएको छ। श्रम गर्न गएका युवाले मासिक एक खर्ब रुपियाँभन्दा बढी रकम पठाइरहेका छन् । रेमिट्यान्सबाट प्राप्त रकमको सदुपयोग हुन सकेको छैन । यसरी आएको रकम पनि खाद्यान्न र वस्तु तथा सेवामै खर्च भइरहेको छ । पुँजी निर्माणमा परिचालन हुन सकेको छैन । दैनिक तीन अर्बभन्दा बढीको रेमिट्यान्स आउँदा एक अर्बको कृषिजन्य वस्तु मात्र आयात भएको छ । अर्को तर्फ हाम्रा खेतीयोग्य जमिन बाँझिने क्रम बढेको छ । सङ्घीय कृषि मन्त्रालयकै प्रतिवेदनले १० लाखभन्दा बढी खेतीयोग्य जमिन उपयोगमा आउन नसकेको देखाएको छ। खेतीयोग्य जमिन खण्डीकरण हुने र घडेरीमा परिणत हुने क्रम रोकिएको छैन । यसले ग्रामीण तहमा कृषिबाट हुने आन्तरिक रोजगारीको अवसरमा समेत सङ्कुचन आइरहेको छ । हाम्रा आवधिक योजनाले र यथार्थमा पनि कृषिबाटै औद्योगिकीकरणमा जाने लक्ष्य




बिरोलिएको जस्तो देखिन्छ । कृषिमा पर्याप्त सम्भावना भए पनि कृषि क्षेत्रमै काम गर्न नेपाली छिमेकी देश भारत मात्र होइन ४० वर्षअघि नेपालभन्दा पछाडी रहेको दक्षिण कोरिया काम गर्न पुगेका छन्। पछिल्ला १५ वर्षमा एक लाखभन्दा धेरै युवा कृषि र साना उद्योगमा काम गर्न कोरिया गइरहेका छन् । त्यति मात्र होइन पछिल्ला समयमा क्रोयसियादेखि पोर्चुगल र बेलायतसम्म कृषिमै काम गर्न जानेको लर्को नै छ । अर्को तर्फ स्वदेशमा चलेका कृषिजन्य उद्योगले भारतदेखि अस्ट्रेलियासम्मबाट खाद्यान्न आयात गर्नुपर्ने बाध्यता छ । नेपालमा उत्पादन भएको तरकारी तथा फलफूल खाडीका देशमा लैजाने पर्याप्त सम्भावना भए पनि त्यसमा हामीले अझै काम गर्न सकिरहेका छैनौँ । हिमालको काखमा उत्पादन भएका कृषि उपजको माग विश्वभर रहे पनि त्यसको लाभ अहिले पनि लिन नसक्नु हाम्रो कमजोरी देखिन्छ। विश्व बजारमा नेपाली रैथाने वस्तुको यति धेरै माग हुँदा पनि हामीले त्यो अवसर गुमाउँदै गएका छौं। सन् २०२६ बाट नेपाल अल्पविकसित मुलुकबाट स्तरउन्नति हुँदै छ । त्यसपछि अहिले पाइरहेका सुविधा गुम्ने जोखिम रहेको छ । हामीले त्यसपछिका रणनीति लिनु ढिला भइसकेको छ । आन्तरिक उत्पादन अभिवृद्धि नगर्दासम्म आन्तरिक रोजगारी सङ्कुचित हुने नै छ। आन्तरिक उत्पादन बढाउनु र हाम्रा उत्पादनलाई विश्वबजारमा पुऱ्याउन ढिला भइसकेको छ। स्वदेशका उद्योगका लागि कच्चा पदार्थ पुऱ्याउनु पनि हामीलाई चुनौती बनेको छ। वार्षिक अर्बौं रुपियाँको धान, गहुँ र मकैको आयात गर्नु परेको छ। पोल्टी र कृषि उद्योगका दिगोपनाका लागि पनि उत्पादन बढाउनु अपरिहार्य छ । नेपालमा कृषिसँग सम्बन्ध विकास साझेदार संस्था गहुँ, मकै जस्ता खेतीको उत्पादन वृद्धिमा लागे पनि त्यो पर्याप्त देखिएको छैन। बाँझा र बन्जर रहेका जग्गामा वास्तविक किसानलाई वा सहकारीलाई उत्पादनको मूल्य शृङ्खलामा जोड्न सके मात्रै बजेट आकारको व्यापार घाटा मथ्थर पार्न सकिने छ । आन्तरिक रोजगारीको खडेरी केही मथ्थर हुने देखिन्छ।

**युवालाई सिपको खाँचो**


नेपाल सरकारका बजेट तथा नीति तथा कार्यक्रममा बेरोजगार युवालाई सिप दिलाउने घोषणा भएका छन् । सङ्घीय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सातै प्रदेशमा सिप विकासको कार्यक्रम सञ्चालन गर्ने पनि बताएको छ तर अहिलेसम्म त्यस्ता घोषणाले मूर्तरूप लिन सकेको छैन । निर्माण क्षेत्रदेखि उद्योगसम्मका विदेशी श्रमिकको भर पर्नु परेको छ। सिकर्मी, डकर्मीदेखि स्काफोल्डिङ सम्मका तालिम लक्षित वर्गसम्म पुग्न सकेको छैन। सिप विकास तालिम केन्द्रबाट भएका तालिममा युवा टिकाउनसमेत मुस्किल भइरहेको सरकारी प्रतिवेदनले समेत देखाएका छन् । रोजगारदाताले आन्तरिक रोजगारी अभिवृद्धिका लागि हाम्रो पाठ्यक्रम नै परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् । स्थानीय सरकारले समेत युवालाई यहाँको सम्भावनाका विषयमा नागरिकलाई सचेत बनाएको पाइँदैन । स्थानीयस्तरमै रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले खोलेका औद्योगिक ग्रामहरूको प्रगति पनि दयनीय जस्तै छ। वाणिज्य मन्त्रालयका अनुसार घोषणा भएका र बजेटसम्म विनियोजना भएका १३० वटा औद्योगिक ग्राममध्ये एक दर्जन पनि सञ्चालनमा आउन सकेका छैनन् । रोजगारी र आन्तरिक रोजगारीको स्थापना तिनै तहका सरकारको मुख्य प्राथमिकता हुन पर्नेमा त्यसमा सोही अनुसारको रणनीति लिन कतै हामी चुकेका त छैनौँ ? त्यति मात्र होइन नेपाल सरकारले घोषणा गरेका औद्योगिक क्षेत्रको काम पनि सोचे जस्तो हुन सकेको छैन। कञ्चनपुरको दैजीछेला, बाँकेको नौबस्ता, रुपन्देहीको मोतीपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा छिटोभन्दा छिटो औद्योगिक क्षेत्रका कम गर्न सकेमा आन्तरिक रोजगारी थप अवसर सिर्जना हुन सक्छ। बर्सौंदेखि काम हुन नसक्नुले आन्तरिक रोजगारीको बजार सङ्कुचित हुन पुगेको छ । नेपालीको श्रम गन्तव्य बनिरहेका दक्षिण कोरिया जस्ता देशले आफ्नै उत्पादन र औद्योगीकरण गरेरै विकासको सूचीमा उदाहरण बनेका छन्। अहिलेको विश्व परिवेशमा स्वदेशमा सामान्य औद्योगिक वस्तुको उत्पादन हुन नसक्नु र दक्ष जनशक्ति पनि विकास गर्न नसक्नु जतिको गरिबी के हुन सक्ला ? विगतमा हामीले लगानीको रकम भएन भनियो तर अहिले बैङ्कमा छ खर्बभन्दा धेरै लगानीयोग्य रकम थुप्रिएको छ । यसको परिचालन गर्न सक्दा पनि स्वदेशमै हजारौँ रोजगारी सिर्जना हुन सक्छ । आन्तरिक उत्पादनको झन्झटभन्दा व्यापार सजिलो भन्ने निजी क्षेत्रलाई राज्यले विश्वास जित्नुपर्ने आजको खाँचो रहेको छ । यसका लागि राष्ट्रिय उत्पादन र रोजगारी सिर्जनाको महाअभियान नै सञ्चालन गर्न ढिला गर्नुहुन्न ।

*–गोरखापत्र*

# विकास भित्रिँदै, गाउँ रित्तिँदै

**धर्मराज भट्टराई**

नेपाल गाउँ नै गाउँले भरिएको मुलुकका नामले परिचित छ। यसैकारण अधिकांश नागरिक ग्रामीण क्षेत्रमै बसोबास गर्ने अनुमान लगाउन सकिन्छ । करिब एक दशक अघिसम्मका तथ्यांकहरूले यसलाई पुष्टिसमेत गरेको देखिन्छ। २०६८ सालको जनगणनामा देशको कुल जनसंख्याको १७.०७ प्रतिशत जनसंख्या सहरमा बस्ने गरेकोमा ग्रामीण जनसंख्या झन्डै ८३ प्रतिशत रहेको तथ्यांक छ । तथापि, पछिल्लो १० वर्षको अवधिमा यो तथ्यांकमा ठूलो फेरबदल आएको छ । २०७८ को जनगणनाअनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ। ६६.२ प्रतिशत (१ करोड ९२ लाख ९१ हजार ३१) नगरपालिकामा बस्छन् भने बाँकी ३३.९२ प्रतिशत (९९ लाख १ हजार ४ सय ९) गाउँपालिकामा । यो तथ्यले प्रत्येक ३ नेपालीमा २ जना नगरपालिकामा क्षेत्रमा बसोबास गर्ने गरेको देखाउँछ । यो जनगणनाले ग्रामीण र सहरी जनसंख्या भनेर स्पष्ट विभाजन गरेको छैन । तर, पनि स्थानीय तहको पुनर्संरचनाअनुसार महानगर र उपमहानगरसहित २ सय ९३ नगरपालिकामा बस्ने जनसंख्यालाई सहरी क्षेत्रको जनसंख्या र ४ सय ६० गाउँपालिकामा बस्ने जनसंख्यालाई ग्रामीण जनसंख्याका रूपमा व्याख्या गरिएको छ । त्यसैले सहर र ग्रामीण क्षेत्रभन्दा फरक नपर्ने देखिन्छ। नेपालमा बसाइँसराइ तीव्र गतिमा छ । विगतमा गाउँमा भौतिक एवं सामाजिक



पूर्वाधारको कमी भएको भन्दै मानिस सहरतर्फ बसाइँसराइ गर्ने गरेको देखिन्थ्यो। आधुनिक सेवासुविधा खोज्दै सहरबजारमा बसाइँ सर्नेहरूको लर्को नै लागेको थियो। तथापि, पछिल्लो समय गाउँहरूमा बाटोघाटो, स्कुल, बोर्डिङ, स्वास्थ्य संस्था, खानेपानीलगायतका सेवासुविधा पुग्दापुग्दै पनि बसाइँसराइ भने रोकिएको छैन । युवा शिक्षा, रोजगारी एवं व्यापार व्यवसायका लागि भन्दै गाउँ छोड्ने क्रम बढ्दै जाँदा गाउँमा युवा देखिन छाडेका छन्। वैदेशिक रोजगारका लागि बिदेसिएका परिवारमा समेत वृद्धवृद्धाको मात्र बाहुल्य देखिन्छ। परिवारका सदस्य सन्तानको शिक्षा, स्वास्थ्यका लागि भनेर सहरमा पसेका छन् । गाउँहरू रित्तिँदै गएका छन्। जनशक्ति अभावका कारण खेतीयोग्य भूमि बाँझो छन् । गाउँका अधिकांश घर खाली छन् । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार पछिल्लो जनगणनामा पाँच लाख बस्न योग्य घरमा मानिस बसोबास गर्दैनन्। २०७८ अनुसार पछिल्लोपटक देशभित्रै बसाइँ सर्ने कुल जनसंख्या ९३ लाख ४१ हजार ४ सय ८ छ। नागरिक अर्को ठाउँमा बसाइँ सर्नुका प्रमुख १० कारण रहेको जनगणनाको नतिजाले देखाउँछ। यसमा सबैभन्दा प्रमुख कारण विवाह देखिन्छ। बसाइँसराइ गरेका कुल जनसंख्यामध्ये ३८.२ प्रतिशतले विवाहका कारण बसाइँ सरेका छन् । यस्तै, काम खोज्दै बसाइँ सर्ने १५.२ प्रतिशत, व्यापार व्यवसायका सिलसिलामा २.८ प्रतिशत, अध्ययन र तालिमका सिलसिलामा ७.८ प्रतिशत, आश्रित १९.५ प्रतिशत, प्राकृतिक प्रकोप ०.७ प्रतिशत, कृषि ३.९ प्रतिशत, घर फर्किएको ४.१ प्रतिशत र अन्य ६.६ प्रतिशत छन् । यसरी बसाइँ सरेका अधिकांश मानिस ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा पसेका छन् । यसैकारण सहरी क्षेत्र बाक्लो हुँदै गएको छ भने गाउँ पातलिँदै गएको देखिन्छ। बसाइँसराइ एक नियमित र निरन्तर प्रक्रिया भए पनि जनसंख्याको असमान वितरणले मुलुकको सामाजिक, राजनीतिक एवं आर्थिक क्षेत्रमा गम्भीर प्रभाव पार्ने देखिन्छ । मुलुकमा संघीय व्यवस्था कार्यान्वयनमा आएसँगै गाउँगाउँमा सिंहदरबार र विकासका पूर्वाधारहरूको पहुँच पुऱ्याउने सरकारको योजनाले गति लिन थालेको छ। अहिले स्थानीय तहमै सरकारका तीनवटै अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका क्रियाशील देखिएका छन् । स्थानीय निकायबीच भौतिक एवं सामाजिक पूर्वाधारहरूको विकासमा प्रतिस्पर्धा नै चलेको देखिन्छ । यसैकारण गाउँहरू सडक सञ्जालमा जोडिँदै गएका छन्। गाउँ-गाउँमा बाटो पुगेको छ, विद्यालय भवनहरू निर्माण भएका छन्। घरघरमा खानेपानीका धारा पुगेका छन्। सडकमा विद्युत्का पोलहरू छन् । हरेक वडामा स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरेका छन् । कृषि, पशुपालन तथा लघुउद्यमसँग सम्बन्धित परियोजना सुरु भएका छन् । यी परियोजना हेर्दा राज्यको ढुकुटीबाट ठूलो धनराशि लगानी भएको अनुमान लगाउन सकिन्छ। तर, विडम्बना नै भन्नुपर्छ, यी विकासका पूर्वाधारहरूको उपभोग गर्ने उपभोक्ता भने दिन प्रतिदिन घट्दै गएका छन्। यसरी ग्रामीण जनसंख्या घट्दै जाँदा राज्यले गरेको लगानीअनुसारको परिणाम नआउने भन्दै चौतर्फी चिन्ता व्यक्त गर्न थालिएको छ । मुलुकको भौगोलिक विविधताले निम्त्याएको आर्थिक एवं सामाजिक असमानतालाई चिर्ने उद्देश्यले सरकारले विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरूसमेत अगाडि सारेको देखिन्छ। राष्ट्रिय गौरवका रूपमा रहेको पुष्पलाल मध्यपहाडी राजमार्गले नेपालका हिमाल र पहाडदेखि तराईको भूभागलाई सडकमार्ग जोड्न महत्वपूर्ण हुने विश्वास गरिएको छ । पहाडलाई तराईसम्म र गाउँलाई सहरसम्म जोड्ने उद्देश्यका साथ स्थानीयको सहजताका लागि मध्यपहाडी लोकमार्गको समेत निर्माण थालिएको छ । निर्माणाधीन कालीगण्डकी, मादी-मर्स्याङ्दी करिडोर हरूले गाउँगाउँमा पुलपुलेसा, सडक सञ्जाल र भौतिक पूर्वाधार निर्माण गरिरहेछन् । यसका बावजुद गाउँघरमा बसोबास पातलिँदै गएको छ। पछिल्लो समय गाउँमा विकास भित्रिँदै गए पनि त्यसले आमनागरिकलाई आकर्षित गर्न सकेको छैन । विकासको निरन्तर प्रयासका बावजुद ग्रामीण क्षेत्रमा बेरोजगारी तथा गरिबीको दर घट्न सकेको छैन । दैनिकी चलाउनसमेत मुस्किल भएपछि कोही बिदेसिन बाध्य देखिन्छन् भने कोही सहर पस्छन्। शिक्षा, स्वास्थ्यसँग सम्बन्धित सेवासमेत सहरी क्षेत्रको तुलनामा प्रतिस्पर्धी बन्न सकेका छैनन् । दक्ष स्वास्थ्य जनशक्ति तथा आधुनिक उपकरणको अभाव छ। अझै पनि ग्रामीण क्षेत्रका अधिकांश मानिस कृषिमा निर्भर छन् । कृषिको आधुनिकीकरण र व्यवसायीकरण हुन नसक्दा जीवन निर्वाह खेती प्रणाली नै प्रचलित देखिन्छ । यसैकारण लामो समयदेखि उनीहरूको जीवनस्तरमा सुधार आउन सकेको छैन। बजारमा महँगी दिनप्रतिदिन बढ्दो छ तर आम्दानीका स्रोतहरू खुम्चिँदै गएका छन् । बसाइँसराइलाई विकल्प बनाउने मूल कारण यही हो । राष्ट्रिय तथ्यांक कार्यालयले गरेको कृषि गणनाअन्तर्गत सामुदायिक प्रतिवेदनले समेत नेपालको कृषि र पशुपन्छी क्षेत्रको प्रमुख समस्याका रूपमा जंगली जनावरहरूको आतंकलाई औंल्याएको छ। यसले पनि बसाइँसराइ बाध्यता बनिरहेछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार मुलुकभर ४१ लाख २१ हजार हेक्टर खेतीयोग्य जमिन छ। त्यसमध्ये ३० लाख ९१ हजार हेक्टरमा खेती भएको छ भने १० लाख ३० हजार हेक्टर जमिन बाँझो छ । त्यसैले हरेक वर्ष कृषिजन्य वस्तुको आयात बढ्दो छ । सरकारले बनाउने हरेक योजना तथा कार्यक्रमहरूमा कृषिलाई प्राथमिकताका साथ अगाडि ल्याए पनि अपेक्षित लाभ लिन सकेको देखिँदैन । युवा केन्द्रित कृषिमा उद्यमशीलताका अवसरहरूको विकास गर्न सके एकातर्फ यहाँ विद्यमान बेरोजगारीको समस्या न्यून गर्न सकिन्छ भने निर्यातमुखी अर्थतन्त्रलाई प्रतिस्थापन गर्न समेत सहयोग पुग्ने देखिन्छ । ग्रामीण क्षेत्रमा पुगेका पूर्वाधारहरूको अधिकतम उपयोग गर्दै मुलुकको चौतर्फी विकासमा टेवा पुऱ्याउनुपर्ने देखिन्छ । यसका लागि मुलुकको जनसंख्याको वितरण सन्तुलित हुन आवश्यक छ। गाउँ र सहरी क्षेत्रमा विकास र अवसरको समान वितरणले मात्र यो सम्भव हुनसक्छ । मुलुकमा विकेन्द्रीकरणको अवधारणा अगाडि बढे पनि मूर्तरूप पाएको देखिँदैन । अझै पनि उद्योग, कलकारखाना, विश्वविद्यालय, ठूला अस्पताल, वित्तीय संस्थाहरू सहर केन्द्रित नै छन्। यसैकारण रोजगारीका अवसरहरू पनि सहर केन्द्रित छन् । नागरिक गाउँमै बस्ने वातावरणको सिर्जना गर्न सर्वप्रथम आम्दानीका स्रोतहरू बढाउनुपर्छ । *–अन्नपूर्ण*

# बर्दिया राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धन गर्न महोत्सव

नमस्ते समचारदाता

बर्दिया, पुष/२९





बर्दिया राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धन गर्नका लागि ठाकुरबाबा नगरपालिकामा प्रथम ठाकुरबाबा उद्योग, कृषि, पर्यटन प्रविधि तथा सांस्कृतिक महोत्सवको आयोजना गरिने भएको छ। ठाकुरबाबा उद्योग वाणिज्य सङ्घले महोत्सवको बारेमा जानकारी गराउँदै बर्दिया राष्ट्रिय निकुञ्जलगायत बर्दिया जिल्लाको पर्यटन प्रवर्धनका लागि आगामी माघ १४ गतेबाट महोत्सवको आयोजना गर्न लागिएको बताएको छ। सङ्घका अध्यक्ष गणेश कुँवरले ठाकुरबाबा नगरपालिकामा लुम्बिनी प्रदेशमै बढी पर्यटक भित्र्याउन धार्मिक सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्ने, कृषिमा रहेको व्यापार प्रवर्धन तथा कृषि यान्त्रीकरणलाई प्रोत्साहन गर्ने, स्थानीय कलाकारहरूको क्षमता अभिवृद्धि तथा प्रोत्साहन गर्ने लगायतका उद्देश्य राखी महोत्सवको आयोजना गर्न लागिएको बताउनुभयो। महोत्सव अवधिभर आन्तरिक तथा बाह्य पर्यटकहरूलाई विशेष सुविधा र प्याकेज दिइने उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष महेन्द्र पङ्गेनीले बताउनुभयो। उहाँले भन्नुभयो, "बर्दिया जिल्लामा भित्रिएका पर्यटकहरूका लागि छिट्टै नै आकर्षक प्याकेजहरू सार्वजनिक गर्दैछौँ, आन्तरिक बाह्य र विशेषगरी भारतीय पर्यटक भित्र्याउने योजना छ।" महोत्सवका मुख्य आकर्षणहरुमा विद्यालय स्तरीय विज्ञान प्रतियोगिता, कृषि उत्पादन प्रदर्शनी, विद्यालयस्तरीय नृत्य प्रतियोगिता स्थानीय स्तरमा उत्पादित हस्तकला प्रदर्शनीका साथै राष्ट्रिय कलाकार तथा स्थानीय कलाकारको प्रस्तुति रहने वरिष्ठ उपाध्यक्ष पङ्गेनीले बताउनुभयो। माघ १४ गतेदेखि २४ गतेसम्म सञ्चालन हुने सो महोत्सवमा करिब ७० लाख खर्च हुने अनुमान आयोजकको छ। महोत्सवमा १२० वटा स्टल राखिने आयोजकले जनाएको छ।

# विवाह गर्न सिफारिस अनिवार्य

नमस्ते समचारदाता

जाजरकोट, पुष/२९



जाजरकोटको एक वडाले विवाहको लागि अनिवार्य रुपमा वडाको सिफारिस लिनु पर्ने निर्णय गरेको छ। जिल्लाको नलगाड नगरपालिका वडा नं ४ ले आफ्नो वडा भित्र हुने विवाहका लागि अनिवार्य रूपमा वडा कार्यालयको सिफारिस लिनु पर्ने निर्णय गरेको हो। वडा अध्यक्ष बद्री पन्तले विकराल रूपमा बढ्दै गइरहेको वाल विवाहलाई न्यूनीकरण गर्नका लागि आफ्नो वडाले यस्तो निर्णय गनु परेको बताउनु भयो। आफ्नो वडामा आर्थिक वर्ष २०८०/०८१ मा मात्रै ३२ वटा भएका विवाह मध्य १६ वटा वाल विवाह भएको तथ्याङ्क रहेको समेत वडा अध्यक्ष पन्तले जानकारी दिनु भयो। बढ्दो बालविवाह र अर्को तर्फ वडालाई बालमैत्री वडा घोषण अभियान समेत सञ्चालन भइरहेकाले पुस २६ गते बसेको वडा समितिले यस्तो निर्णय गर्नु परेको पन्तको भनाई छ। यसरी वडाले लिएको निर्णयलाई सरोकारवालाहरूले सकारात्मक कदम भएको बताएका छन्। बाल अधिकार अभियन्ता राजेन्द्र विक्रम शाह वडाले लिएको निर्णयको स्वागत गर्दै कार्यान्वयनमा जोड दिनु पर्ने बताउनु हुन्छ। नलगाड नगरपालिकाका उप प्रमुख देबका लामिछाने समाजमा व्याप्त रूपमा बढ्दै गइरहेको बालविवाह न्यूनीकरणका लागि वडाले लिएको निर्णय को कार्यान्वयनमा पालिकाको पूर्ण रूपमा साथ रहने बताउनु हुन्छ।

# बादी समुदायलाई जीविकोपार्जनमै सकस

नमस्ते समचारदाता

जाजरकोट, पुष/२९



यहाँका बादी समुदाय खोलाको छेउमा बसेर माछा मारी जीवन निर्वाह गरेका छन्। नलगाड नगरपालिका-७, दल्लीस्थित नलसिंहगाडको किनारमा माछा मारेर बादी समुदायका परिवारले जीविकोपार्जन गर्दै आएका छन्। सार्वजनिक जमिनमा घरटहरा निर्माण गरी बसोबास गरेका करिब ४५ घरपरिवारले पुसको चिसो सिरेटोमा नलसिंहगाडको छेउमा माछा मार्ने, गिट्टी कुट्ने र श्रम रोजगारीका माध्यमबाट बिहान बेलुकाको छाक टार्ने गरेका छन्। नलगाड नगरपालिकाकी कार्यपालिका सदस्य सरिता बादीका अनुसार पुर्खादेखि खोलाको छेउमा बसोबास गरी माछा मार्ने काम गर्दै आएका अल्पसाङ्ख्यिक बादी समुदायका परिवार अहिले समस्यामा परेका छन्। सार्वजनिक जमिनको बास, खोला तथा नदीमा माछा मारेर छाकको जोहो गर्नुपर्ने उक्त समुदाय विगत ३० वर्षअघिदेखि खोला किनारमा बस्दै आएका छन्। गत वर्षको जाजरकोटको बारेकोट गाउँपलिका-१, रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पले घर भत्काएपछि सरकारले अस्थायी आवासका लागि दिएको २५ हजार रुपियाँ अनुदानमा टहरा निर्माण गरी माछा मार्ने र गिट्टी कुटेर जीविकोपार्जन गरेका छन्। कर्णाली प्रदेशकै गौरवको आयोजना नलगाड जलविद्युत् आयोजनाले जमिन अतिक्रमणमा परे पनि आफ्नो नाममा जमिन नहुँदा सोही स्थानमै बसिरहेकै छन्। नलगाड नगरपालिका-७ की गीता बादीले घर बनाउने जमिन नहुँदा बिहान बेलुकाको छाक टार्नका लागि माछा मार्न खोलाको किनारमै बस्नु परेको बताउनुभयो। सरकारले जमिन उपलब्ध गराइदिए कृषि व्यवसायमा लाग्ने इच्छा उहाँको छ। खेती गर्नका लागि जमिन नहुँदा खाना र लत्ता कपडाको जोहो गर्न माछा मार्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो। सुत्केरी, गर्भवती महिला, बालबालिका, ज्येष्ठ नागरिकले समेत माछा मार्ने, गिट्टी कुट्ने, बालुवा बोक्ने काम गर्नु परेको छ। कृषि पेसा गर्ने जमिन नहुँदा माछा नमारे खान नपाउने अवस्था आएपछि पुर्खाले धानेको पेसा छोड्न पनि नसकेको उहाँले जनाउनुभयो। उहाँका अनुसार नलगाड जलविद्युत्ले जतिबेला पनि उठाउने भएकाले कहाँ बस्ने भन्ने चिन्ताले सताउन थालेको छ। पछिल्लो समयमा आवास निर्माण गर्न नसकेका जनतालाई सरकारले जनता आवास कार्यक्रम ल्याए पनि आफ्नो नाउँमा जमिन नहुँदासमेत पाउन नसकेको गुनासो बादी समुदायले गरेको छ। उनीहरूका बालबालिका पनि नियमित विद्यालय जाँदैनन्। बिहान बेलुकाको खाना, कापी कलम किन्ने पैसा नहुँदा बालबालिका पढाइबाट वञ्चित हुनु परेको अभिभावकको भनाइ छ।

# कोहलपुर र नेपालगन्जका बजारमा कन्दमूलको व्यापार बढ्यो

नमस्ते समचारदाता

कोहलपुर, पुष/२९



माघे सङ्क्रान्तिलाई लक्षित गर्दै बाँकेका कोहलपुर र नेपालगन्जका बजारहरूमा कन्दमूल किन्ने उपभोक्ताको भीड बढ्दै गएको छ। विशेषगरी कोहलपुर कृषि हाटबजार र नेपालगन्जको रानी तलाउ क्षेत्र तरुल, सखरखण्ड, तिलका लड्डु, र भुजाका क्रेताहरूले भरिएका छन्। सल्यानको कालिमाटीबाट तरुल बिक्री गर्न कोहलपुर आएकी नैनकला बुढाले भन्नुभयो "यो सिजनमा तरुलको व्यापार निकै राम्रो हुन्छ। अहिले प्रतिकिलो १ सय ५० रुपैयाँमा रातो तरुल र १ सय रुपैयाँमा सेतो तरुल बिक्री भइरहेको छ। माग अत्यधिक छ, र भाउ पनि राम्रै पाएको छु।" यस्तै, कोहलपुरका व्यापारी रामबहादुर चौधरीले भन्नुभयो "माघे सङ्क्रान्तिका लागि पहाडी जिल्लाहरू रोल्पा, प्युठान, सुर्खेत, र बर्दियाबाट तरुल ल्याएका हौँ। बजारमा सखरखण्ड पनि राम्रो बिक्री भइरहेको छ। उपभोक्ताको चापलाई ध्यानमा राखेर पर्याप्त परिमाणमा स्टक राख्ने प्रयास गरिरहेका छौँ।" कोहलपुरका स्थानीय उपभोक्ता मीना थापाले भन्नुभयो "माघे सङ्क्रान्ति हाम्रो विशेष पर्व हो। तरुल र सखरखण्ड त अनिवार्य हुन्छ। बजारमा यी सामग्री सजिलै पाइने भएकाले किन्न सहज भएको छ।" नेपालगन्ज रानि तलाउमा आउनुभएको उपभोक्ता राममाया ओलीले भन्नुभयो "यो पर्वमा तिलका लड्डु र तरुल खानैपर्छ। तरुलको भाउ महँगो भए पनि परम्परालाई जोगाउन किन्नैपर्छ।" कोहलपुर कृषि हाटबजार व्यवस्थापक चित्रा पाठकका अनुसार, यस वर्ष तरुलको माग अघिल्लो वर्षभन्दा बढेको छ। रातो तरुल प्रतिकिलो १ सय ५० रुपैयाँ, सेतो तरुल १ सय रुपैयाँ, र बन तरुल ४ सय रुपैयाँसम्म बिक्री भइरहेको छ। सखरखण्ड प्रतिकिलो १ सय रुपैयाँमा पाइन्छ। व्यापारीहरूले भने माघे सङ्क्रान्तिको समयमा कन्दमूल, तिलका परिकार, र सखर खण्डको व्यापारले उनीहरूको आम्दानीमा उल्लेखनीय वृद्धि गर्ने बताउँदै आएका छन्। माघे सङ्क्रान्तिको अवसरमा कोहलपुर रनेपालगन्जका बजारहरूमा देखिएको चहलपहलले कन्दमूल र तिलका परिकारहरूको सांस्कृतिक र आर्थिक महत्व उजागर गरेको छ। व्यापारी र उपभोक्ताको उत्साहले यो पर्वले स्थानीय व्यापारलाई अझ सक्रिय बनाइरहेको छ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः
- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

नाम्खा गाउँपालिका
हुम्ला

# कर्णालीमा जन्म र मृत्युमा प्रभावकारी बन्दै ३० केजी चामल

■ नमस्ते समचारदाता

जुम्ला, पुष/२९



कर्णालीमा सरकारले जन्म र मृत्युमा दिने चामल कार्यक्रम प्रभावकारी बन्दै गएको छ। मानिसको जन्म र मृत्युको समय त्यसै महत्त्वपूर्ण छ। कर्णालीमा भने सरकारले विपन्न परिवारलाई राहात होस्, जन्ममा खानाको आहारा प्रयाप्त होस् भन्ने उद्देश्यले यो कार्यक्रम सुरुवात गरेको छ। यो कार्यक्रममार्फत् धेरै विपन्न व्यक्तिहरुले सेवा लिएका छन्। हुने खानेहरु खासै आउदैनन् तर समस्या भएका व्यक्तिहरुले यो सेवा लिइरहेको बताइएको छ। सरकारले यस आर्थिक वर्षबाट २० केजीबाट बढाएर ३० केजी वितरण गर्दै आएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जुम्लाका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा भने ७९६ जनाले सेवा लिएका छन्। जन्ममा सेवा लिनेको संख्या ७३३ जना छन् भने मृत्युमा ६३ जनाले सेवा लिएका छन्। वि.सं २०७३ सालमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएको समयमा सरकारले साविक कर्णालीमा जन्म र मृत्युमा २० केजी निःशुल्क चामल दिने कार्यक्रमदे निरन्तरता पाइरहेको छ। कार्यालयका अनुसार चामल लिन आउनेलाई ज्याला समेत दिने सरकारको नियमानुसार काम भइरहेको छ। यसैगरी, जुम्लामा चालु आर्थिक वर्षमा एक सय ८९ जनाले जन्म र मृत्युमा चामल लिएका छन्। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जुम्लाका अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ मा जन्ममा सेवा लिनेको संख्या १६४ र मृत्युमा सेवा लिनेको संख्या २५ रहेको छ। कार्यालय प्रमुख मनोज जोशीका अनुसार यस वर्ष साउनदेखि ३० केजी वितरण गरिँदै आएको छ। पहिले २० केजी थियो सरकारले यो आर्थिक वर्षबाट बढाएर ३० केजी जन्म मृत्युमा दिइरहेको उहाँले बताउनुभयो। यो आर्थिक वर्षमा दुई लाख ९८ हजार नौसय ५० को चामल वितरण गरिएको छ भने ८५ हजार पाँच सय रुपियाँ ज्याला रकम समेत दिइएको छ। प्रमुख जोशीले यस आर्थिक वर्षमा ३६ जनालाई एक हजारका दरले ३६ हजार, ७३ जनालाई पाँच सयका दरले ३६ हजार पाँच सय ज्याला समेत उपलब्ध गराएको जानकारी दिनुभयो। सरकारको यो कार्यक्रमले निकै सहयोग पुगेको स्थानीयले बताएका छन्। कार्यालयले सिञ्जा क्षेत्रलाई एक हजार र तातोपानी अन्य क्षेत्रलाई पाँच सयका दरले चामल लिन आउलेलाई ज्यालासहित उपलब्ध गराउँदै आएको जनाएको छ। कार्यालयमा सेवा लिन आएका जुम्लाको तातोपानी गाउँपालिका वडा नम्बर १ निवासी राजेन्द्र रोकायाले आफ्नो बच्चा जन्मेको हुँदा सरकारले दिने सेवा पाएकोमा खुशी व्यक्त गर्नुभयो। राजेन्द्र जस्तै दुई-चार जना दैनिक यो सेवा कार्यालयमा लिन आउने गरेको पाइएको छ। कार्यालयले जन्ममा अस्पतालको प्रमाणपत्र, जन्मदर्ता, वडाको सिफारिस र लिन आउनेको नागरिकताको प्रतिलिपी भएमा चामल दिइने र मृत्युमा मृत्युदर्ता वा वडाको सिफारिस आवश्यक पर्दछ।

# ट्याङ्कर र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

■ नमस्ते समचारदाता

बाँके, पुष/२९




बाँकेको राप्तीसोनारी १ सौरी मोडस्थित पूर्वपश्चिम राजमार्गमा सोमबार भएको सडक दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेले दिएको जानकारी अनुसार कोहलपुरदेखि दाङतर्फ जाँदै गरेको डिजेल बोकेको ना ८ ख ३३३ नम्बरको ट्याङ्कर र दाङदेखि कोहलपुरतर्फ आउँदै गरेको भे ९ प ९५१७ नम्बर को मोटरसाइकल एक आपसमा ठोक्किँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको हो। सो दुर्घटनामा परेर गम्भीर घाइते भएका कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका ३ बस्ने वर्ष अन्दाजी ४८/४९ का घमनबहादुर शाही र कैलाली धनगढी उपमहानगरपालिका १४ बस्ने वर्ष अन्दाजी ३५/३६ का रुपेश बस्नेतलाई उपचारका लागि नेपालगन्ज मेडिकल कलेजको कोहलपुर शिक्षण अस्पतालमा पठाइएकोमा उपचारको क्रममा दुबैजनाको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनाको जानकारी आउनेबित्तिकै इलाका प्रहरी कार्यालय कोहलपुरबाट सो कार्यालयका प्रमुख डिएसपी धर्मराज भण्डारीको नेतृत्वमा प्रहरी टोलीले घटनास्थलमा पुगेर घटनाको विस्तृत जानकारी लिनुका साथै घाइतेलाई अस्पताल पुऱ्याएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। दुर्घटनाको कारण दुबै सवारीसाधन तीव्र गतिमा रहेकोले नियन्त्रण गर्न नसकी एक आपसमा ठोक्किएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीले जनाएको छ। मृतकहरुका आफन्तलाई घटना बारे जानकारी गराइएको र दुबैजनाको शवलाई पोस्टमार्टमका लागि भेरी अस्पताल पठाइएको जनाइएको छ।

# दैनिक ९० लिटर दुध बेचेर दैनिक पाँच हजार आम्दानी गर्दै भट्ट





■ नमस्ते समचारदाता

बर्दिया, पुष/२९

दैनिक ९० लिटर दुध बेचेर दैनिक पाँच हजार आम्दानी गर्दै बढैयातालका भट्ट बर्दिया जिल्लाको बढैयाताल-८, मुनालबस्तीका ४१ वर्षीय जयराम भट्ट अहिले गाईपालन व्यवसायका कारण सफल किसानका रूपमा परिचित छन्। पाँच वर्षअघि सीमित लगानी र स्रोतबाट सुरु गरेको गाईपालनले आज उनी आत्मनिर्भर मात्र बनेका छैनन्, अन्य युवालाई पनि प्रेरित गरिरहेका छन्। जयरामले पाँच वर्षअघि तीन वटा गाई र एक लाख रुपैयाँ लगानीबाट भट्ट गाई फार्म सुरु गरेका थिए। गाईपालनप्रतिको लगाव र मेहनतले गर्दा आज फार्ममा २२ वटा गाई छन्, जसमा १० वटा माउ गाई छन्। दैनिक ९० लिटर दूध उत्पादन गर्दै आएका उनी यसबाट वार्षिक लाखौं रुपैयाँको आम्दानी गर्दै आएका छन्। भट्टले उत्पादन गरेको दूध भगवती दुग्ध सहकारी संस्था मार्फत बिक्री हुन्छ। चिसो मौसममा प्रतिलिटर ६४ रुपैयाँ र गर्मी मौसममा ७२ रुपैयाँका दरले दूध बिक्री हुन्छ। यसरी दैनिक ५,००० रुपैयाँभन्दा बढी कमाइ हुने गरेको छ। गाईपालन व्यवसायबाट बार्षिक ५ लाख रुपैयाँसम्म खर्च हुन्छ। यसमा घाँसको बिउ, गाईको आहारा, गोबर व्यवस्थापन, र अन्य व्यवस्थापकीय कामका लागि आवश्यक रकम पर्छ। तर, खर्च कटाएर पनि जयरामले वार्षिक १२ लाख रुपैयाँसम्म बचत गर्दै आएका छन्। उनी भन्छन्, "गाईपालनबाट राम्रो आम्दानी भएकाले घरखर्च सजिलै चल्छ र भविष्यका लागि बचत पनि गर्न सकेको छु।" भट्टले आफ्नो फार्मलाई व्यवस्थित बनाउन आधुनिक प्रविधिको प्रयोग गरेका छन्। गोबर फाल्ने ठेला, घाँस काट्ने मेसिन, र गाईका लागि आरामदायक म्याटजस्ता सामग्रीको प्रयोगले फार्मलाई आधुनिक बनाएको छ। यी उपकरणको लागि स्थानीय तह र सरकारी अनुदानले पनि सहयोग गरेको छ। गर्मी मौसममा गाईपालन चुनौतीपूर्ण हुने भट्ट बताउँछन्। गर्मीमा गाईको स्वास्थ्य समस्या बढ्नुका साथै दूध उत्पादनमा कमी आउने समस्या छ। यसलाई समाधान गर्न फार्ममा चिसो वातावरण बनाउने, गाईको आहारमा विशेष ध्यान दिने, र नियमित स्वास्थ्य परीक्षण गराउने जस्ता काम हुँदै आएका छन्। भट्टले फार्ममा रहेका १० वटा माउ गाईको बीमा गराएका छन्। यसले आकस्मिक अवस्थामा आर्थिक जोखिम कम गर्न मद्दत गर्छ। घाँसको व्यवस्थापनका लागि सरकारले ५० प्रतिशत अनुदानमा बिउ उपलब्ध गराउने कार्यक्रमले पनि उनलाई ठूलो सहयोग गरेको छ। जयराम भट्टको गाईपालन व्यवसाय स्थानीय युवाका लागि प्रेरणाको स्रोत बनेको छ। उनी भन्छन्, "युवाहरू विदेश जानभन्दा देशमै केही नयाँ काम गर्नुपर्छ। गाईपालन जस्तो व्यवसाय मेहनत र लगनशीलता आवश्यक पर्ने भए पनि यसले आत्मनिर्भर बन्न सकिन्छ।" भट्टले आगामी दिनमा फार्मलाई थप विस्तार गर्ने योजना बनाएका छन्। गाईको संख्या बढाउने, अत्याधुनिक प्रविधि थप गर्ने, र दूधजन्य उत्पादनलाई स्थानीय ब्रान्डको रूपमा विकास गर्ने उनको लक्ष्य छ। जयराम भट्टको गाईपालन यात्रा केवल आर्थिक सफलताको कथा मात्र होइन, यो मेहनत, लगनशीलता र स्वदेशमै केही गर्न सकिन्छ भन्ने प्रमाण हो। सुरुवाती चुनौतीहरूका बाबजुद उनले आफ्नो व्यवसायलाई सफल उद्यममा रूपान्तरण गरेका छन्। आज, भट्टले गाईपालनमार्फत आफ्नो जीवनस्तर सुधार्न मात्र होइन, गाउँकै आर्थिक गतिविधिलाई पनि चलायमान बनाउन भूमिका खेलेका छन्। उनको यो यात्रा आत्मनिर्भर बन्न चाहने प्रत्येक व्यक्तिका लागि प्रेरणादायी छ। "देशमै केही गर्ने सपना छ भने गाईपालनजस्तो व्यवसाय उत्कृष्ट छ," भट्ट गर्वका साथ भन्छन्।

# थारु गाउँ-बस्तीमा माघी पर्वको रौनक

■ नमस्ते समचारदाता

धनगढी, पुष/२९



थारु समुदायमा आजबाट माघ (माघी) पर्व सुरु भएको छ। गाउँ गाउँमा जिता मारिएका छन्। बालबालिकादेखि वृद्धावृद्धासम्म रमाइरहेका छन्। माघ सम्बन्धित गीतले थारु बस्ती गुञ्जायमान बनेको छ। माघ थारु समुदायको सबैभन्दा ठुलो पर्व र नयाँ वर्ष पनि हो। भोलिदेखि थारु सम्वत २६४८ सुरु हुँदैछ। थारु समुदायमा पुस अन्तिम दिनदेखि माघ २ गतेसम्म माघ पर्व धुमधामपूर्वक मनाउने चलन रहेको छ। यस दिन विहानै जिता मार्ने गरिन्छ। हरेकको घरमा सुङ्गुरको मासुसहित मिठा परिकार पाक्ने गर्दछ। यस दिन ढमार, ढुमरु गीत र मघौटा नाचमा रमाउँदै मिठा परिकार खाने चलन रहेको रहेको छ। माघको पहिलो दिन थारु सम्वतको अन्तिम दिन हुने गरेकाले यस दिन वर्षभरिको दुःखपीडा बिर्सेर रमाउने परम्परा रहेको छ। जिता मारेसँगै गाउँघरमा माघको चहलपहल बढेको धनगढी उपमहानर पालिका -५ जाइँका भलमनसा कुलवीर चौधरीले बताउनुभयो। उहाँले आजदेखि तीन दिन सम्म थारु बस्ती माघमय रहने जानकारी दिनुभयो। माघ १ गते थारु समुदायको नयाँ वर्ष हो। आफ्नो नयाँ वर्षको दिन यो समुदायका मानिस विहानै नदी, तलाउ, खोलामा नुहाएर आफूभन्दा ठुलालाई ढोग सलाम गर्ने र सानालाई आशीर्वाद दिने गर्दछन्। यसदिन रिसराग, आपसी वैमनस्यता, झैझगडा सबै बिर्सेर एक आपसमा आत्मियता दर्शाउनुका साथै शुभकामना आदानप्रदान गर्ने चलन छ। यसैगरी, मासु, ढिक्री, तरुल लगायतको परिकार खाने र आफन्तहरुलाई खुवाउने गरिन्छ। यस दिन एकअर्कालाई सेवाढोग गरेमा रिसराग, आपसी वैमनस्यताको अन्त्य हुने विश्वास थारु समुदायमा रहेको छ। माघ २ गते अर्थात माघ पर्वको खोज्नीबोज्नी गर्ने दिन हो। यस दिन अघिल्लो आर्थिक वर्षको समीक्षा गर्दै नयाँ वर्षको लागि योजना बनाउने गरिन्छ। यसैगरी, यहि दिन गाउँको नेतृत्व गर्ने व्यक्ति वरघर चयन गर्ने चलन पनि रहेको छ। माघ पर्वको अन्तिम दिन आफ्ना विवाहित छोरीचेलीलाई उपहारको रुपमा चामल दिने गरिन्छ, जसलाई निसराउ भनिन्छ। माघ पर्व सकिएसँगै थारु समुदायमा विवाह, नयाँ घर बनाउने लगायतका कामको सुरुवात हुने गर्दछ। माघ धार्मिक, साँस्कृतिक, सामाजिक र आर्थिक महत्व बोकेको पर्व रहेको थारु अगुवा दिलबहादुर चौधरीको भनाइ छ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके